# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# सानीभेरी गाउँपालिका
# रुकुम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(कर्णाली प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं.१२२

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
सानीभेरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुकुम पश्चिम ।

**कैफियत सहितको राय**

हामीले सानीभेरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड १६ लाख ११ हजार बेरुजू देखिएको छ। सो उपर प्रतिकृया प्राप्त नभई बाँकी बेरुजू प्रमाण कागजात पेस गर्नुपर्ने रू.२५ लाख ३३ हजार, र पेश्की रू.९० लाख ७८ हजार रहेको छ । पालिकाको गतवर्ष रु. ५ करोड ३९ लाख ७६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ६ करोड ५५ लाख ८७ रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# सानीभेरी गाउँपालिका
## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ४ | ११६११ | ० | ० | ० | ५६ | ४ | ११६११ | ० | ० | २५३३ | ० | ० | २५३३ | ९०७८ |

# अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुम पश्चिम | ५३९७६ | ० | ० | ५३९७६ | ० | ११६११ | ६५५८७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सानीभेरी गाउँपालिका, रुकुम , सानी भेरी गाउँपालिका , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dipak Budhathoki | २०७८-१२-१३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Bhupal singh Bista | २०७६-११-२० | |
| लेखा प्रमुख | Kabindra Pun | २०७४-६-१ | |
| | | **बेरुजु रकम** | ११,६११,३२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २,७५,८७,२३१.३९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४,७६,३९,०८० | चालु खर्च | ३१,०४,०२,७१७.२ |
| प्रदेश सरकारबाट अनुदान | २,२१,५२,००० | पूँजीगत खर्च | १०,२७,०४,५५० |
| राजश्व बाँडफाँट | ६,४७,२३,६६८.२९ | वित्तीय/अन्य व्यवस्था | १४,९७,१३,३३३ |
| आन्तरिक आय | ९३,३३,६९५.१२ | | |
| अन्य आय | १३,७९,९८,०७१.७ | | |
| कुल आय | ५८,१८,४६,५१५.११ | कुल खर्च | ५६,२८,२०,६००.२ |
| बाँकी मौज्दात | | ४,६६,१३,१४६.२८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **१**<br>**स्थानीय सञ्चितकोषः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आर्थिक वर्ष २०७७।७८ को समग्र स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः<br>**गाउँ कार्यपालिकाको आय व्यय विवरण**<br>**आ.ब. २०७७।७८** | |

| सिन | आयतर्फ | | सिन | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षकोजिम्मेवारी** | | १ | **कुल खर्च** | |
| | क) बैंकमौज्दात | 22146821.39 | | क) चालु खर्च | 310402717.20 |
| | ख)कर्मचारी कल्याण कोष | 0.00 | | ख) पूँजीगत खर्च | 102704550.00 |
| | ग) धरौटी | 5440410.00 | २ | **वित्तिय व्यवस्था भुक्तानी** | 0.00 |
| | घ) मर्मतसंभार कोष | 0.00 | | क) ऋण भुक्तानी | 0.00 |
| | ङ)नगरस्तरीय परिक्षा समिति | 0.00 | | ख) ब्याज भुक्तानी | 0.00 |
| | च) शिक्षासमिति | 0.00 | | ग) अन्य भुक्तानी | 0.00 |
| २ | **आन्तरिक आय** | | ३ | **लगानी** | 0.00 |
| | क) आन्तरिक राजस्व | 9333695.12 | | क) ऋण लगानी | 0.00 |
| | ख) राजस्व बाँडफाँड | 1172647.81 | | ख) शेयर लगानी | 0.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ग) अन्य आय | 0.00 | ४ | **जनसहभागीता फिर्ता** | 0.00 |
| | | | ३ | **संघीयवित्तीय हस्तान्तरण** | | ५ | **संघीयसर्शत निकासा फिर्ता** | 24847250.02 |
| | | | | क) वित्तीयसमानीकरण अनुदान | 91400000.00 | ६ | **प्रदेशसर्शत निकासा फिर्ता** | 523181.00 |
| | | | | ख) सशर्तअनुदान | 242439080.00 | ७ | **धरौटीफिर्ता** | 803960.00 |
| | | | | ग) राजस्वबाँडफाँड | 63215123.07 | ८ | **विपतव्यवस्थापन कोष कोरोना खर्च** | 6555347.00 |
| | | | | घ) समपुरककोष | 3800000.00 | ९ | **बैंकमौज्दात** | 0.00 |
| | | | | ङ) संघीयविषेश अनुदान | 10000000.00 | | क) बैंकमौज्दात | 27341139.60 |
| | | | ४ | **प्रदेशसरकारबाट अनुदान** | | | ख)कर्मचारी कल्याण कोष | 14734484.00 |
| | | | | क) वित्तीयसमानीकरण अनुदान | 10047000.00 | | ग) धरौटी | 0.00 |
| | | | | ख) प्रदेशशसर्त अनुदान | 3750000.00 | | घ) मर्मतसंभार कोष | 0.00 |
| | | | | ग) प्रदेशराजस्व बाँडफाँट | 335897.41 | | ङ)नगरस्तरीय परिक्षा समिति | 0.00 |
| | | | | घ) प्रदेशसमपुरक अनुदान | 4355000.00 | | च) शिक्षासमिति | 0.00 |
| | | | | ङ) प्रदेशविशेष अनुदान | 4000000.00 | | छ) प्रकोप व्यवस्थापन कोष कोरोना | 2887522.68 |
| | | | ५ | **धरौटी** | 10098034.00 | | ज) विविध खर्च खाता | 1650000.00 |
| | | | ६ | **विविध कोषतर्फको आम्दानी** | 0.00 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क)कर्मचारी कल्याण कोष | 0.00 | | | | | |
| | | | | | ख)नगरस्तरीय परिक्षा समिति | 0.00 | | | | | |
| | | | | | ग) शिक्षासमिति | 0.00 | | | | | |
| | | | | | घ) विभिन्न | 1650000.00 | | | | | |
| | | | | ७ | **विपदव्यवस्थापन कोष कोरोना** | 9266442.70 | | | | | |
| | | | | ८ | **जनसहभागिता** | | | | | | |
| | | | | ९ | **पेश्कीदाखिला** | | | | | | |
| | | | | | **जम्मा** | **492450151.50** | | **जम्मा** | 492450151.50 | | |
| | | | | १० | **संघवाटहस्तान्तरीत कार्यक्रमः वजेट** | | १० | **संघवाटहस्तान्तरीत कार्यक्रमः निकासा** | | | |
| | | | | | क) स्थानीयपूर्वाधार विकास साझेदारी कार्यक्रम | 8000000.00 | | क) स्थानीयपूर्वाधार विकास साझेदारी कार्यक्रम | 6893050.00 | | |
| | | | | | ख) सामाजिकसुरक्षा कार्यक्रम | 48600000.00 | | ख) सामाजिकसुरक्षा कार्यक्रम | 47106168.00 | | |
| | | | | | ग) गरिबसंगविश्वेश्वर कार्यक्रम | 546000.00 | | ग) गरिबसंगविश्वेश्वर कार्यक्रम | 519900.00 | | |
| | | | | | घ) एकृकितस्वास्थ्य पुर्वाधार कार्यक्रम १५ सैया अस्पत्ताल | 26790000.00 | | घ) एकृकितस्वास्थ्य पुर्वाधार कार्यक्रम १५ सैया अस्पत्ताल | 10000000.00 | | |
| | | | | | **जम्मा** | **83936000.00** | | **जम्मा** | 64519118.00 | | |
| | | | | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११ | **प्रदेशहस्तान्तरीत कार्यक्रमः वजेट** | | ११ | **प्रदेशसरकार कार्यक्रमः निकासा** | | |
| | | | | क)मुख्यमन्त्री रोजगार उद्यमशिलता तथा आयआर्जन कार्यक्रम | 47786000.00 | | क)मुख्यमन्त्री रोजगार उद्यमशिलता तथा आयआर्जन कार्यक्रम | 45441119.00 | |
| | | | | ख) सामाजिकविकास मन्त्रालय-चालु (छोरी विमा कार्यक्रम) | 2450000.00 | | ख) सामाजिकविकास मन्त्रालय-चालु (छोरी विमा कार्यक्रम) | 2427000.00 | |
| | | | | ग) सामाजिकविकास मन्त्रालय-पुजिगत (बेलटापु खेलमैदान निर्माण) | 1000000.00 | | ग) सामाजिकविकास मन्त्रालय-पुजिगत (बेलटापु खेलमैदान निर्माण) | 769444.00 | |
| | | | | घ) उद्योगपर्यटन वन तथा वातावरण मन्त्रालय (युद्ध स्मृति संग्रालय निर्माण) | 4000000.00 | | घ) उद्योगपर्यटन वन तथा वातावरण मन्त्रालय (युद्ध स्मृति संग्रालय निर्माण) | 3826914.00 | |
| | | | | ङ) आन्तरिकमामिला तथा कानून मन्त्रालय (प्रकोप व्यवस्थापन) | 300000.00 | | ङ) आन्तरिकमामिला तथा कानून मन्त्रालय (प्रकोप व्यवस्थापन) | 0.00 | |
| | | | | **जम्मा** | **55536000.00** | | **जम्मा** | **52464477.00** | |

उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

उल्लेखित कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७८।६।१९ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रण प्रणाली:**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेर लागु गर्नु पर्दछ । पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गरेको देखिएन । पालिकाको आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमजोरी निम्नानुसार रहेका छनः÷<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखी आर्थिक वर्षभर संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· आर्थिक वर्ष २०७७।७८ को श्रेस्ता र बैंकबीचको अन्तिम वैंक मौज्दात फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको पाईएन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।<br>· वडागत रुपमा लक्षित राजस्वको लक्ष्य निर्धारण गरेको पाईएन ।<br>· उपभोक्ताले खरिद गरेको माल सामानको परिमाण नापी किताबमा भिडान गरेको पाईएन ।<br>· एकीकृत सम्पत्ति तथा जिन्सीको एकीकृत लगत विवरण तयार गरी प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी सामानहरुको साहायक जिन्सी खाता बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अद्यावधिक गरेको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काको लगत खाता म-ले-प-फा-नं- ५०६ र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· नापी किताव म-ले-प-फा-नं-५०३ दिर्घकालसम्म सुरक्षित हुने र एकै कितावमा सम्पुर्ण निर्माण लागत देखिने गरी तयार पारी जिन्सी दाखिला समेत गरी सुरक्षित गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न (योजना) निर्माण कार्य गर्न (सम्झौता) गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।<br>· आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ अनुसार खर्च भएको सुनिश्चितता हुने गरी कागजात तयार भई भुक्तानी गरेको पाईएन ।<br>· कर्मचारीको कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>· विषयगत कर्मचारीहरुको पुर्णरुपमा तलबी प्रतिवेदन पारित गरेको देखिएन ।<br>· विषयगत कार्यक्रम तर्फ खर्च गर्ने कार्यविधिहरु संघीय कानुन अनुसार तयार गरेको पाइएन ।<br>· विषयगततर्फ दिर्घकालिन सोच अनुसार उत्पादनमुखि योजना छनौट गरी कार्यान्वयन उन्मुख भएको पाइएन।<br>· सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुसार निर्माण कार्यको भुक्तानी गर्दा नापी गरी प्रविधिकको सिफारिसका आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले निर्माण कार्यको नापी किताव व्यवस्थित गरी राखेको छैन । साथै पालिकाले योजना सञ्चाल गर्नु अगाडि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने गरेपनि निर्माण कार्य गर्दा सो अनुसरा भए नभएको अनुगमन गर्ने गरेको देखिएन । विस्तृत परियोजना प्रतिवेदन भविश्यको प्रयोगका लागि समेत सुरक्षित राख्नुपर्नेमा दर्ता गरी अभिलेखिकृत गरेको देखिएन ।<br>आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सवल र सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **२ बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ३ | | | **३वजेट तथा खर्चः**<br>पालिकाको आर्थिक वर्ष २०७७।७८ को वजेट रु ४८,३२,५०,४५०।०० मध्ये अन्त्यसम्म रु.४१,५१,९२,२६७।२० खर्च भएको छ । कुल वजेट मध्ये यस वर्ष आर्थिक तथा पुर्वाधार विकासमा १२ प्रतिशत तथा सामाजिक, सँस्थागत विकास लगायत खर्चमा ८८ प्रतिशत खर्च भएको छ । | |

| **क्र. स.** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 44,307,530.00 | 27,440,228.00 | 6.61 |
| २ | सामाजिकविकास | 287,640,525.00 | 259,631,413.00 | 62.53 |
| ३ | पूर्वाधारविकास | 64,046,000.00 | 51,465,424.00 | 12.40 |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | 10,600,000.00 | 8,032,668.00 | 1.93 |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | 76,656,395.00 | 68,622,534.20 | 16.53 |
| **जम्मा** | | **483,250,450.00** | **415,192,267.20** | **100.00** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **४ चौमासिक खर्चः**<br>वार्षिक कार्यवोझलाई सरल रुपमा सम्पन्न गर्न चौमासिक रुपमा कार्यलक्ष्य तथा कार्यक्रम तयार गरी सम्पन्न गर्नुपर्ने पर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । विवरण अनुसार चौमासिक खर्च प्रणाली तेश्रो चौमासिक र वर्षान्तमा धेरै रहेको छ । तेश्रो चौमासिक तथा अषाढ मसान्तमा हतारमा काम गराई सम्पन्न गर्दा गरेको कार्य गुणस्तरीय र दिगो नहुन सक्दछ । चौमासिक रुपमा कार्यलक्ष्य तय गरी सोहि अनुसार समयमा कार्यसम्पन्न गरी प्रगति हासिल गर्नु पर्दछ । | |

| **क्र.स.** | बजेटउपशिर्षक | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| १ | चालू खर्च तर्फ | ३१०४०२७१७ | ५३८६३४९२ | ६१३५३५०६ | १९५१८५७१९ | १३८९७०९०८ |
| २ | पूँजिगत खर्च तर्फ | 102704550 | १३२४८२६० | २५१३८१२० | ६४३१८१७० | ५२३४५६३२ |
| | जम्मा | ४१३१०७२६७ | ६७१११७५२ | ८६४९१६२६ | २५९५०३८८९ | १९१३१६५४० |
| | प्रतिशत | 100 | 16 | २१ | 6३ | 46 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४१,३१,०७,२६७।०० निकासा भएकोमा प्रथम चौमासिकमा १६ प्रतिशत रु.६७१११७५२।००, दोश्रो चौमासिकमा २१ प्रतिशत रु.८,६४,९१,६२६।००,तेश्रो चौमासिकमा ६३ प्रतिशतरु. २५,९५,०३,८८९।०० र आषाढ महिनामा ४६ प्रतिशत रु. १९,१३,१६,५४०।०० खर्च भएको देखिएको छ । त्यस्तै पूँजिगत तर्फ विनियोजित रु १०,२७,०४,५५०।०० मध्ये तेश्रो चौमासिकमा ६३ प्रतिशत रु६,४३,१८,१७०।०० र असार महिनामा ५१ प्रतिशत रु ५,२३,४५,६३२।०० खर्च भएको छ । तेश्रो चौमासिक र असार महिनामा कुल खर्च तथा पूँजिगत खर्च बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**५ बैक हिसाब मिलान नगरेको:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको निम्नानुसार खातामा आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार रु.२,०६,७७,२७८।०८ र वैंक स्टेटमेन्ट अनुसार रु १०,८८,३७,२१६।७० वढी रु.८,८१,५९,९३८।६२ रहेको छ । पालिकाको श्रेस्ता र वैंक स्टेटमेन्ट अनुसार फरक सम्वन्धमा वैंक खाता अनुसार हिसाव मिलान विवरण तयार गरी फरक परेको कारण सहित आवश्यक कारवाही गर्नु पर्दछ ।

| क्र.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग. २.२ चालु खर्च खाता | 696,684.00 | 50,853,408.02 | 50,156,724.02 |
| २ | ग. २.४ पुजिगत खर्च खाता | 602,093.00 | 38,320,968.00 | 37,718,875.00 |
| ३ | ग २.७ विविध खर्च खाता | 1,756,494.40 | 2,027,089.00 | 270,594.60 |
| ४ | ग ६.१ स्थानीय तह प्रकोप व्यवस्थापन कोष | 2,887,522.68 | 2,901,267.68 | 13,745.00 |
| ५ | ग ३ स्थानीय तह धरौटी खता | 14,734,484.00 | 14,734,484.00 | - |
| | **जम्मा** | 20,677,278.08 | 108,837,216.70 | 88,159,938.62 |

जम्मा हिसाव मध्ये रु. ५६,०००.०० फरक परेको र सो व्यहोराको हिसाव मिलान गरिने छलफलका क्रममा जानकारी गराएको छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **६ आन्तरिक लेखापरीक्षण शाखा:**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ७ | | | **७ आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **८ ठेक्का व्यवस्था:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा ०.८५ प्रतिशत देखि ४५ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन । नगरपालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धाण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । निर्माण कार्य तोकिएको समय भित्र निर्धारित गुणस्तर र परिमाणमा सम्पन्न गराउन पालिकाले ध्यान दिनु पर्दछ ।<br>रु हजारमा | |

| क्र सं | विवरण | निर्माण व्यावसायी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत | हालसम्मको भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1. | स्यालिकोट-टोड्के-वागखोर सडक | प्रवृक्षा निर्माण सेवा एण्ड सप्लायर्स | ४९६५ | ४९२३ | ०.८५ | ५५५३ |
| 2. | नाले खानेपानी | भेरी निर्माण सेवा प्रालि | ३१३९ | १७०२ | ४५ | १८७० |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>3.</td><td>तुसारे, गरायल, आमचौर खानेपानी</td><td>सपन एण्ड सरोज कन्स्ट्रशन</td><td>१०६३४</td><td>५७५०</td><td>४५</td><td>११४६</td></tr>
<tr><td>4.</td><td>प्रि फ्याव कोठा निर्माण</td><td>शाही निर्माण सेवा</td><td>१७४३</td><td>१६५५</td><td>५</td><td>१६३१</td></tr>
<tr><td>5.</td><td>वुकिचौर टाकुरा लिफ्ट खानेपानी योजना</td><td>रमण निर्माण सेवा</td><td>८४३२</td><td>४८८१</td><td>४२</td><td>८५</td></tr>
<tr><td>6.</td><td>मेलचौर लिफ्ट खानेपानी</td><td>सन्देश एण्ड सुजाता कन्स्ट्रकशन</td><td>२२५२</td><td>१४१९</td><td>३६</td><td>१६०८</td></tr>
<tr><td>7.</td><td>सुर्योदय मा वि (२ कोठे भवन)</td><td>प्रवृक्षा निर्माण सेवा एण्ड सप्लायर्स</td><td>३२०८</td><td>१९३३</td><td>३९</td><td>१८८७</td></tr>
<tr><td>8.</td><td>गाउँपालिका १५ वेड अस्पताल</td><td>शिवशक्ति-थोदुङ्ग-वुद्ध हिमाल जेभि</td><td>१५२५७७</td><td>१४६७८७</td><td>३</td><td></td></tr>
<tr><td>9.</td><td>जम्मा</td><td></td><td>१८६९५०</td><td>१६९०५०</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>९ उपभोक्ता समितिमार्फत योजना सञ्चालनः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिवाट लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा हेभि मेशिन प्रयोग गर्न नहुने,नियम ९(१०) अनुसार उपभोक्ता समितिले सवकन्ट्रक्टरवाट नगराई आफै सम्पन्न गर्नु पर्ने र नियम ९(१२) अनुसार सम्पन्न योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राहीलाई रेखदेख, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तान्तरण गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समिति तथा लाभग्राही समुहसँग वित्तिय तथा प्राविधिक क्षमता नहुने,पेश्की नलिई कार्य गर्ने,मान्यता प्राप्त निकायवाट निर्माण कार्यमा प्रयोग भएको मालसामानको गुणस्तर परीक्षण प्रतिवेदन पेश नहुनेर रेखदेख, मर्मत सम्भारको जिम्मेवारी सहित सम्पन्न कार्यको स्वामित्व हस्तान्तरण नहुने कार्यले योजना कार्यान्वयन पक्ष सवल देखिदैन ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>१० गत बर्षको दायित्व :<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित आन्तरिक लेखापरीक्षण शाखाबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको छ । बहुबर्षीय योजना स्वीकृत भएको अबस्थामा बाहेक दायित्व सिजर्ना हुने गरी खर्च गर्ने कार्य नियमित नहुने हुँदा दायित्व श्रृजना नहुने गरी वार्षिक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **११योजना व्यवस्थापन :** पालिकाको विनियोजन ऐन, २०७७ मा उल्लेख भए अनुसार पालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिन्छ । पालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, पालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा समेत गरी रु ४ करोड ३७ लाख ९२ हजारको निर्माण योजना र कार्यक्रम स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु २ लाख भन्दा साना योजना ११० वटा, २ देखि ५ लाख सम्मका योजना ४४ वटा, ५ देखि १० लाख सम्मका योजना ९ वटा र १० देखि १५ लाख सम्मका योजना ११ वटा सञ्चालन रहेको छ । यसबाट साना वजेटका योजना अत्याधिक सँख्यामा रहेको देखिन्छ । निर्माण सम्झौता सँख्या धेरै हुँदा कार्यालयको जनशक्ति वर्षैंभरी निर्माण कार्य व्यवस्थापनमा सम्लग्न हुनुपरेको देखिन्छ । त्यस्तै निर्माण सम्झौताको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक सम्झौताका कार्यमा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिन्छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापन आर्थिक कार्यविधि तथा वित्तयि उत्तरदायित्व ऐन, २०७६ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा पालिकाको ध्यान पुग्नु पर्दछ । | |

| **विवरण** | **बडा १** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** | **११** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ लाख सम्मका | 10 | 17 | 16 | 16 | 12 | 6 | 6 | 7 | 7 | 3 | 10 | 110 |
| २ देखि ५ लाख सम्मका | 6 | 0 | 5 | 6 | 4 | 2 | 9 | 3 | 5 | 2 | 2 | 44 |
| ५ देखि १० लाख सम्मका | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 | 2 | 0 | 1 | 4 | 9 |
| १० देखि १५ लाख सम्मका | 0 | 0 | 1 | 2 | 1 | 1 | 0 | 2 | 1 | 1 | 2 | 11 |
| **कुल जम्मा** | **16** | **17** | **22** | **24** | **18** | **9** | **16** | **14** | **13** | **7** | **18** | **174** |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **१२खरिद योजनाः** <br> सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता भएको नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ। | |
| १३ | | | **१३तलबी प्रतिवेदन :** <br> निजामती सेवा ऐन, २०४९ मा तलब र ग्रेड भुक्तानी दिँदा पारीत ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प.शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस आ.व.मा चालुतर्फबाट स्वास्थ्य क्षेत्रको तलब सहितको भुक्तानीमा रु.१४,९७,६२ हजार खर्च भएकोमा तलबी प्रतिवेदन पारित गरेको देखिएन । तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको नियमित देखिएन । समयमा तलवी प्रतिवेदन पारित गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिएको छ । | |
| १४ | | | **१४भ्रमण अभिलेख :** <br> भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता जस्ता खर्च एकमुष्ट रुपमा लेखि भ्रमण प्रतिबेदन संलग्न नगरी भुक्तानी गरेको छ। यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।भ्रमण अभिलेख कायम गर्ने गरेको छलफलको क्रममा प्रतिकृया प्राप्त भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **१५सम्पत्ति लेखाङ्कन:**<br>नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत व्यहोरा औल्याएकोमा सुधार भएको देखिएन । | |
| १६ | | | **१६खाना तथा विविध खर्च:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ निम्नानुसार खर्च गरेको छ । विविध खर्च सम्वन्धी उदाहरण निम्न छन्: | |

| **क्र सं** | **भौचर नं** | **व्यहोरा** | **खर्च** |
|---|---|---|---|
| १ | २७१।०७८।२।९ | श्रावण देखि जेष्ठ ९ सम्मका वैठकमा | ३२२३३२ |
| २ | ४३४।०७८।३।२१ | वैठक, खाजा,चिया,नास्ता | ५२८५० |
| ३ | ५३०।०७८।३।२९ | विभिन्न वैठक, गोष्ठी, दिवश र अतिथि सत्कार | २७५६०७ |
| ४ | ५३६।०७८।३।३० | दलित अधिकार कर्तव्य र क्षमता विकास | १४३०० |

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **१७तुसारे अध्याचौर गरायल खानेपानी :**<br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२ मा सार्वजनिक निकायले खरिद सम्झौता गर्दा पालना गर्नुपर्ने शर्तका सम्वन्धमा उल्लेख छ । कार्यालयले लागत अनुमान रु १,०६,३४,२३२।०० को तुसारे अध्याचौर गरायल खानेपानी योजना निर्माण कार्यका लागि लागत अनुमान भन्दा ४५ प्रतिशत घटि रु ५६,५०,८६३।०० कवोल गर्ने सपना एण्ड सरोज कन्स्ट्रक्शन सेवा सप्लायर्स,जाजरकोटसँग शुरु म्याद २०७८।०३।२० मा कार्यसम्पन्न गर्नेगरी मिति २०७८।१।८ मा खरिद सम्झौता गरेको देखियो । सम्झौता भएको ७४ दिनभित्र कार्यसम्पन्न गर्नेगरी भएको ठेक्कामा लेखापरीक्षण अवधिसम्म मोविलाइजेशन पेश्की रु ११,४६,०००.०० भुक्तानी भएपनि निर्माण कार्यमा थप प्रगति भएको देखिएन । कोरोना महामारीका कारण निर्माण कार्य गर्न नसकेको निर्माण व्यावसायीको निवेदनका आधारमा २०७८ मंसिर मसान्तसम्म म्याद थप गरेको भएपनि थप म्याद भित्र कार्यसम्पन्न गर्नेगरी निर्माण व्यावसायी सम्पर्कमा आएको देखिएन । सम्झौता अनुसारको निर्माणकार्य समयमा सम्पन्न गर्नेगरी व्यावस्थापन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **१८पोशाक खरिद :**<br>गाउँपालिकाले गाउँ सभावाट २०७७।३।२६ मा विनियोजन ऐन,२०७७ पारित गरि कार्यक्रम तथा परियोजना अनुसार वजेट विनियोजन गरेको छ । सानीभेरी गाउँपालिकाका वालविकास सहित सवै विद्यालयका विद्यार्थीलाई पोशाक उपलव्ध गराउन यस वर्ष गो भौ नं २५७।२०७८।१।३० वाट विद्यार्थी संख्याका आधारमा ४९ विद्यालयलाई रु ३२,५५,०००।०० अनुदान उपलव्ध गराएको छ । पोशाक वितरण र उपयोग सम्वन्धमा अनुगमन गरेको देखिएन । अनुदानवाट विद्यार्थीले स्वीकृत गुर्णस्तरको पोशाक प्राप्त गरी नियमित रुपमा उपयोगमा ल्याएको सम्वन्धमा पालिकाले अनुगमन गरी कार्यक्रमको प्रभावकारीता सुनिश्चित गर्नु पर्दछ । | |
| १९ | | | **१९झोलुङ्गे पुल :**<br>पालिकाले संघिय सरकार शसर्त अनुदानको विनियोजित रकमवाट झोलुङ्गेपुल निर्माण कार्यका लागि आह्वान गरेको वोलपत्रमा लागत अनुमान भन्दा प्रति वोलपत्र रु ५६३।६९ ले घटी कवोल गर्ने जुनकिरी इन्डष्ट्रिज प्रा लि वुटवलको देहाय अनुसारको कुल रु २८,३४,३३२।०० को वोलपत्र स्वीकृत गरी स्टिल पार्ट, ग्यालभलाइजेशन डेक, नट वोल्ट,जि आई वायर, पाइप लगायतका फेव्रिकेशन सामान वापत भुक्तानी गरेको छ । आपुर्तिकर्ताले फेव्रिकेशन सामाग्री आपुर्ति गर्ने र उपभोक्ता समितिले सिभिल कार्य गर्नेगरी डिजाइन तथा सम्पन्न गरेको झोलुङ्गे पुल सञ्चालनमा आएपछि नियमित मर्मत सम्भारको व्यवस्था गरी टिकाउपना वृद्धि गर्ने तर्फ समेत व्यवस्थापनको ध्यान पुग्नुपर्ने देखिन्छ ।<br><br>**क्रसं** \| **विवरण** \| **भुक्तानी**<br>१ \| पुरुखोलाझोलुङ्गेपुल \| ११८८६१०<br>२ \| अर्माखोलाट्रसवृजस्टिलपार्ट \| १०१६२७८<br>३ \| खारखोलाझोलुङ्गेपुलस्टिलपार्ट \| ६२९४४४<br>\| जम्मा \| **२८३४३३२** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **२०उद्यमसिलता विकास :**<br>कार्यालयले स्वीकृत कार्यविधि अनुसार कार्यक्रम सम्पन्न गरेपछि कार्यकर्मको विस्तृत विवरण र र खर्च प्रमाण सम्लग्न गरी भुक्तानी गर्नु पर्दछ । गो भौ नं ३७५।०७८।३।१७ वाट महिला उद्यमसिलता, आय आर्जन तथा सिपमुलक व्यावसाय प्रवर्दवनका लागि फेडरल इन्भेष्टमेण्ट प्रा लि को भुक्तानी मागपत्र संलग्न गरी आय आर्जन तथा सिप विकास सिलाई कटाई तालिम वापत रु ८९,४९६।०० भुक्तानी गरेको छ । उक्त भुक्तानीका साथ तालिम कार्यक्रम भएको पुष्ट हुने प्रमाण कागजात संलग्न गरेको पाईएन । कार्यक्रम सम्पन्न भएको निश्चित हुने प्रमाण कागजात सहितको प्रतिवेदन संलग्न गरी भुक्तानी प्रदान गर्ने गरी प्रकृयागत सुधार गर्नु पर्दछ । | |
| २१ | | | **२१अस्पताल भवन :**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा वोलपत्रको माध्यमवाट खरिद गर्ने सम्वन्धी व्यवस्था छ । लागत अनुमान रु १५,२५,७७,४४०।०० को १५ शैयाको आधारभुत अस्पताल भवन निर्माण गर्न आह्वान गरेको वोलपत्रमा ६ निर्माण व्यावसायीले वोलपत्र पेश गरेकोमा ५ वोलपत्रदाताको प्राविधिक प्रस्ताव जनशक्तिको शैक्षिक योग्यता अपुग भएको,मेशिनरी औजार क्षमता नपुगेको, निर्माण कार्यको अनुभव नपुगेको जस्ता कारण शुरु चरणमै अश्विकृत भएकोले एक मात्र वोलपत्रदाताको लागत अनुमान रु १५,२५,७७,४२२।०० भन्दा ३।७९ प्रतिशत घटी रु १४,६७,८७,३७७।००को वोलपत्र स्वीकृत भई २०८० असार ३० सम्म सम्पन्न गर्ने गरी २०७८।२।२१ मा खरिद सम्झौता भएको छ । लेखापरीक्षण अवधिसम्म रु ७९,३२,०३२।०० पेश्की भुक्तानी भएपनि निर्माण कार्यमा थप प्रगति भएको देखिएन । स्वीकृत ड्रइङ्ग,डिजाइन तथा नर्मस अनुसार सम्झौताको शुरु म्याद भित्र निर्माण सम्पन्न गर्न निर्माण व्यवसायी समेतको समन्वयमा निर्माण कार्यमा तिव्रता प्रदान गर्नु पर्दछ । | |
| २२ | | | **२२लघु जलविद्युत :**<br>सार्वजनिक खरिद नियमावली,२०६४ नियम ९७ मा लाभग्राही समुदाय मार्फत कार्य गराउने सम्वन्धी व्यवस्था छ । पालिकाले वार्षिक कार्यक्रममा समावेश गरी देउताखोला मुडीगार लघुजलविद्युत निर्माण र मर्मत योजना कार्यान्वियनका लागि गो भौ नं ५२०।०७८।३।२९ वाट निर्माण सम्पन्न प्रतिवेदन संलग्न गरी उपभोक्ता समितिलाई रु ६,८३,५२०।०० भुक्तानी गरेको छ । उक्त योजना र यसै किसिमका अन्य योजनामा पालिकाले गरेको लगानी र सोबाट सुधारित वितरण प्रणाली मार्फत समुदायले प्राप्त गरेको लाभको मुल्यांकनका साथै निकायले नियम ९७(१२) को व्यवस्था अनुसार निर्माण कार्यको रेखदेख तथा मर्मत संभार गर्ने जिम्मेवारी लाभग्राही समुदायलाई नै हस्तान्तरण गरी लगानीको लाभ प्राप्त हुने वातावरण सुनिश्चित हुनेगरी व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **२३नदीजन्य पदार्थ :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) मा उल्लेख भएको प्रावधान अनुसार गाउँकार्यपालिकाले निर्णय गरी देहाय अनुसारका ५ ठेक्कावाट ९ लाख घनमिटर नदीजन्य पदार्थ उत्खनन् गरी विक्रि गर्न रु ४५ लाख को लागत अनुमान तयार गरी गरेको ठेक्कामा न्यूनतम अंक बराबर कवोल गर्ने उत्खननकर्तासँग नदीजन्य पदार्थ उत्खनन गरी विक्रि गर्नेगरी ठेक्का सम्झौता गरेको छ । प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनका लागि परामर्शदाता नियुक्त गरी उत्खनन योग्य परिमाण यकिन गरी ठेक्का व्यवस्था गरेकोमा सम्झौताको बुँदा नं. १८ मा उल्लेख भए अनुसार नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्नसक्ने अवस्थाका सम्वन्धमा अनुगमन गर्न प्रभावकारी संयन्त्र तयार गरेको देखिएन । नदीजन्य पदार्थ उत्खनन् गर्दा उत्खनन् स्थल र नदी प्रणालीमा पर्ने प्रभावका सम्वन्धमा अनुगमन गरी न्यूनतम क्षति कायम गर्ने अवस्था सुनिश्चित गरिनु पर्दछ । | |

| **क्र स** | **ठेक्का नम्वर** | **वोलपत्रको नाम** | **उत्खनन्(घनमिटर)** | **न्यूनतम अंक** | **कवोल अंक** | **उत्खनन् कर्ता** |
|---|---|---|---|---|---|---|
| 1. | १।०७७।७८ | हासिवाङ देखि सिमखाला खणड | ३६०००० | १८०००००| १८००००० | सानीभेरी निर्माण सेवा |
| 2. | ३।०७७।७८ | गिठाकोट खोला देखि सिस्ने खोला खण्ड | १६०००० | ८००००० | ८००००० | सानीभेरी निर्माण सेवा |
| 3. | ४।०७७।७८ | छोटेवगरदेखि स्यालेवगर | १२०००० | ६००००० | ६००००० | सानीभेरी निर्माण सेवा |
| 4. | ५।०७७।७८ | नयाँखाला देखि रिम्ना वगर | १००००० | ५००००० | ५००००० | सानीभेरी निर्माण सेवा |
| 5. | ६।०७७।७८ | मैतीलोटे देखि वेल्टापु | १६०००० | ८००००० | ८००००० | सानीभेरी निर्माण सेवा |
| | | जम्मा | **९०००००** | **४५०००००** | **४५०००००** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **२४राउण्ड रेक्की म्याप:**<br>पालिकाको वार्षिक कार्यक्रममा स्वीकृत भए अनुसार सानीभरी राउण्ड रेक्की म्याप कार्यका लागि मिति २०७८।१।१४ मा पालिकाले कर्णाली्र्याफ्टिङ्ग एण्ड एडभेञ्चर प्रा लि, सुर्खेतसँग सम्झौता मितिले ३ महिना भित्र कार्यसम्पन्न गर्ने गरी रु २,५३,९९९।०० को सम्झौता गरेको छ । सानीभेरी गाउँपालिकाको भूगोल जोडिएको मौराखारा, रिम्ना, चाइनावगर, मालिका, लेक, दहपोखरी, भेरिदह, चिन्तु,अर्मा, सिम्ली, अद्याचौर, थुमालेक, टोडके पोखरी हुँदै पुनः मौराखर्क जोड्ने राउण्ड ट्रेकिङ्ग रुट निर्माण गर्न सकिने सम्भावित स्थलको पहिचान गरी जोखिम, अवसर र सम्भावना सहितको विस्तृत अध्ययन प्रतिवेदन तथा नक्सा तयारी गर्नुपर्ने गरी गरेको सम्झौतामा शर्त अनुसारको सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएको छैन । गुगल म्यापका आधारमा नदि वहाव क्षेत्र नक्शांकन गरी गो. भौ. नं ५०१।०७८।३।२५ वाट भुक्तानी गरेको छ । सम्झौताको सर्त अनुसारका कार्य पुरा गरेको प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको उपयूक्त देखिएन । सम्झौता अनुसारको कार्य पुरा गरी विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएपछि मात्र भुक्तानी प्रदान गरी सुधार गर्नु पर्दछ ।दाखिला प्रतिवेदन पेश भएको छलफलको क्रममा जानकारी प्राप्त भएको छ । | |
| २५ | | | **२५एक वडा एक नर्सरी :**<br>पालिकाको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम तथा वजेटमा व्यवस्था भएको एक वडा एक नर्सरी कार्यक्रम अनुसार पालिकाले ओखरखेती प्रवर्द्धनका लागि विभिन्न वडामा सामुदायिक वन उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता महासंघ, आदिवासी जनजाती महासंघ लगायतका संस्थाको सहकार्यमा ओखरका विरुवा खरिद तथा वृक्षारोपण गरी नर्सरीलाई भुक्तानी गरेको छ । विरुवा खरिद गरी प्रयोग गरेकोमा वृक्षारोपण पछिको अवस्थाका सम्वन्धमा अनविज्ञताको अवस्था रहेको छ । साथै नर्सरी प्रवर्द्धन कार्यक्रमले नर्सरी स्थापना, विकास र दीगो सञ्चालनलाई भन्दा विरुवा खरिदलाई प्राथमिकता दिएको अवस्था देखियो । विरुवाहरुको उत्पादनमा निरन्तरता प्रदान गर्न नर्सरी स्थापना र क्षमता विकासमा समेत ध्यान दिनुपर्ने देखिन्छ । | |

| **क्र सं** | **वडा** | **कार्यक्रम** | **विवरण** | **खर्च रकम** |
|---|---|---|---|---|
| ४८२।०७८।३।२३ | ९ र ११ | ओखर खेति कार्यक्रम | सानीभेरी साझीपोखरी सामुदायीक वन उपभोक्ता समिति | २८८००० |
| ४८३।०७८।३।२३ | १ र ४ | ओखर खेति कार्यक्रम | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल स्थानीय महासंघ | ३८४००० |
| ४८४।०७८।३।२३ | १ | ओखर खेति कार्यक्रम | नेपाल आदिवासी जनजाती महासंघ सानीभेरी गाउँपालिका समन्वय परिषद | ३८४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **२६**<br>भैसी पालन प्रवर्द्धन कार्यक्रमको लागि संघिय सरकारवाट सशस्त्र चालु तर्फ प्राप्त वजेट कार्यान्वयन गर्न प्रति पकेट ५ समुहमा प्रति समुह १० कृषकलाई मुर्रा वा मुर्रा क्रस भैँसी वितरण गर्नुपर्ने गरी रु २१ लाख ८० हजार र लागत साझेदारी तर्फ गाउँपालिकावाट रु ७ लाख समेत रु २८ लाख ८० हजार वजेट विनियोजन भएको छ। पालिकाले २०७७।८।२८ मा सुचना प्रकाशन गरी प्राप्त १० प्रस्ताव मध्ये ६ वटा समुहसँग सम्झौता गरी समुहले खरिद गरी पेश भए अनुसार प्रति सदस्य १ भैँसीका दरले समुहका ११ देखि १३ सम्म कुल ७२ सदस्यलाई वितरण गरेको आधारमा खर्च लेखाङ्कन गरेको छ। वितरण पछि दुग्ध पदार्थ उत्पादन, वजार व्यवस्थापन तथा स्थानीयको आयआर्जन क्षमतामा परेको प्रभावका सम्वन्धमा अध्ययन तथा सुधार गर्न अनुगमन संयन्त्र तयार गरेको देखिएन। कार्यविधि अनुसार लगानीको दिगो रुपमा प्रतिफल प्राप्त हुने गरी प्रभावकारीता मापन गर्ने संयन्त्र तयारी गरी लक्षित समुहलाई वितरण गर्न पालिकाले ध्यान दिनु पर्दछ। | |

| **क्र सं** | **लक्षित समुह** | **अनुदान रु** | **वितरण संख्या** |
|---|---|---|---|
| १ | श्रृजनशिल भैँसी पालन समुह | ४००००० | ११ |
| २ | प्रगतिशिल कृषि तथा पशुपंक्षि | ४००००० | ११ |
| ३ | हरियाली सामुदायीक भैँसिपालन समुह | ५१०००० | १३ |
| ४ | हरियाली सामुदायीक भैँसिपालन समुह | ४००००० | ११ |
| ५ | लेकाली सामुदायीक भैँसिपालन समुह | ५१०००० | १३ |
| ६ | मिलिजुली सामुदायीक भैँसिपालन समुह | ५१०००० | १३ |
| | **जम्मा** | **२७३००००** | **७२** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>२७<br>पाडा प्रवर्द्धन कार्यक्रम (मासु उत्पादन) को लागि संघिय सरकारवाट सशस्त्र चालु तर्फ प्राप्त वजेट कार्यान्वयन गर्न प्रति पकेट ५ समुहमा प्रति समुह १० कृषकलाई प्रति कृषक ५ पाडा वितरण गर्नुपर्ने गरी रु १६ लाख र लागत साझेदारी तर्फ गाउँपालिकावाट रु ७ लाख समेत रु २३ लाख वजेट विनियोजन भएको छ । पालिकाले २०७७।८।२८ मा सुचना प्रकाशन गरी प्राप्त ९ प्रस्ताव मध्ये ४ वटा सामुदायिक भैसी पालन समुहसँग सम्झौता गरी समुहले खरिद गरी पेश भए अनुसार प्रति सदस्य १ पाडाका दरले समुहका १८ सदस्यलाई कुल ७२ पाडा वितरण गरेको आधारमा खर्च लेखाङ्कन गरेको छ । वितरण पछि कार्यक्रमको उद्देश्य अनुसार स्थानीयको आयआर्जन क्षमतामा परेको प्रभावका सम्वन्धमा अध्ययन तथा सुधार गर्न अनुगमन संयन्त्र तयार गरेको देखिएन । कार्यक्रम प्रभावकारीता मापन गर्ने संयन्त्र तयार गरी अनुदानको प्रभावकारीता सुनिश्चित गर्नु पर्दछ ।
<table>
<tr><th>क्र सं</th><th>लक्षित समुह</th><th>अनुदान रु</th><th>वितरण संख्या</th></tr>
<tr><td>१</td><td>लेकाली सामुदायीक भैँसिपालन समुह</td><td>५४००००</td><td>१८</td></tr>
<tr><td>२</td><td>सल्लेरी सामुदायीक भैँसिपालन समुह</td><td>५४००००</td><td>१८</td></tr>
<tr><td>३</td><td>प्रगतिशिल सामुदायीक भैँसिपालन समुह</td><td>५४००००</td><td>१८</td></tr>
<tr><td>४</td><td>फुक्रु सामुदायीक भैँसिपालन समुह</td><td>५४००००</td><td>१८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१६००००</td><td>७२</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **२८सवारी साधन व्यवस्थापनः**<br>कार्यालयले काम कारवाही भरपर्दो किसिमले समयमा सम्पन्न गर्न, सञ्चालनमा रहेका योजनाहरुको अनुगमन तथा सो सम्वन्धी प्राविधिक कार्य गर्न साथै वडा कार्यालय तथा विषयगत कार्यालय विचको पारस्परिक कार्य व्यवस्थित गर्न आवश्यक संख्यामा सवारी साधनको प्रवन्ध गर्नुपर्ने प्रचलन रही आएको छ । पालिकाले विभिन्न समयमा खरिद गरी प्रयोगकर्ताको जिम्मामा रहेने गरी प्रयोगमा ल्याएको सवारी साधनको वास्तविक अवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन । यसवाट सवारी साधन खरिद गरेको वर्ष, हालसम्म यसमा भएको खर्च तथा यसको वास्तविक सञ्चालन अवस्था यकिन हुन सकेन । साथै सञ्चालनमा रहेका, मर्मतको अवस्था रहेका र लिलाम गर्नुपर्ने गरी प्रयोग विहिन भएका सवारी साधनको अवस्था र यसमा हालसम्म भएको खर्चका सम्वन्धमा प्रतिवेदन गर्न सकिएन । सवारी साधन सञ्चालन र व्यवस्थापनको उचित प्रवन्ध गर्नु पर्दछ । | |
| २९ | | | **२९प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ६ अनुसार स्थानिय तहले पुर्ण रुपमा ज्यालामा आधारित भई दफा ५ अनुसार प्राथमिकीकरण सहित एक सय दिनको रोजगारी सुनिश्चितता हुने गरी दफा ४ वमोजिमका आयोजना छनौट तथा कार्यान्वयन गर्नु पर्दछ । आर्थिक वर्ष २०७७।७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ३३ वटा आयोजना छनौट तथा कार्यान्वयन गरी ४०४ श्रमिकलाई लगभग १०० दिन रोजगारी श्रृजना हुने गरी कुल ४०१७८ दिन रोजगार उपलव्ध गराई श्रमिकको खातामा रु२,०८,८६,८००।०० भुक्तानि गरेको छ । कार्यविधिको पुर्ण पालना गरी आयोजना छनौट र कार्यान्वयन प्रभावकारीतामा व्यवस्थापनले थप ध्यान दिनु पर्दछ । | |
| ३० | | | **३०शिक्षा तर्फः**<br>पालिका अन्तर्गत आधारभुत तहसम्म अध्ययन हुने ३२ वटा,माध्यामिक तहसम्म अध्ययन हुने १३ वटा,४ वटा वालविकास समेत ४९ वटा सरकारी विद्यालय रहेका छन् । त्यस्तै शैक्षिक सत्र २०७७।७८ मा कुल १२० दिन अध्ययन भएकोमा गाउँपालिका भित्रका वालविकास तहमा ११७०, आधारभुत तह कक्षा १ दखि ५ सम्म ४२५५ र ६ देखि ८ सम्म २५०९, माध्यामिक तह कक्षा ९ देखि १० सम्म १६८२ र कक्षा ११ र १२ मा ९३२ समेत १०५४८ जना विद्यार्थी अध्ययनरत रहेको देखियो । पालिका अन्तर्गतका विद्यालयहरुमा आर्थिक वर्ष भर संघिय सशर्त तथा गाउपालिकावाट पाठ्य पुस्तक, दिवा खाजा, पोषाक, शिक्षक तलव भत्ता,शैक्षिक सुधार अनुदान लगायत अनुदान निकासा भएकोमा आर्थिक वर्ष २०७७।७८ मा सामाजिक परिक्षण र लेखापरीक्षण नभएको, खर्च तथा विद्यार्थीको शैक्षिक अवस्था सम्वन्धमा पालिकावाट अनुगमन भएको देखिएन । सामाजिक लेखापरीक्षण, आर्थिक कारोवारको लेखापरीक्षण तथा अनुदानको उचित प्रयोग र प्रभावकारी शैक्षिक अवस्था भए नभएको अनुगमन गर्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **३१शैक्षिक सुधार कार्यक्रमः**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७८।३।२० को पत्र अनुसार सम्वन्धित विद्यालयको खातामा तत्काल निकाशा दिई लेखापरीक्षण, सामाजिक परिक्षण लगायत कार्यकालागि सम्वन्धित विद्यालयलाई उत्तरदायी वनाउने गरी रु २५ लाख निकासा प्राप्त भएको देखियो । खानेपानी सहितको शौचालय वनाउन सम्वन्धित विद्यालयको खातामा दाखिला हुने गरी जनप्रिय आधारभुत विद्यालयलाई रु ७ लाख र दुई कोठे भवन निर्माण गर्न पृथ्वी आधारभुत विद्यालय देउताखोलालाई रु १८ लाख समेत रु २५ लाख निकासा दिएको देखियो । निकासा रकमबाट भएको खर्चको विवरण प्रस्तुत गर्न लगाई निर्माण कार्य भएको सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्दछ । | २,५००,००० |
| ३२ | | | **३२स्वास्थ्य तर्फः**<br>पालिका अन्तर्गत ३ वर्थिङ् सेन्टर समेतका ५ स्वास्थ्य चौकी,पालिकावाट सञ्चालित१ समेत ७ आधारभुत स्वास्थ्य सेवा केन्द्र, १५ वेडको एक अस्पताल समेत १३ वटा स्वास्थ्य सँस्थाले स्वास्थ्य सेवा प्रवाह गरी रहेका छन । पाँच वटा स्वास्थ्य चौकीमा २५ जना स्थायी र वर्थिङ सेन्टर भएका स्वास्थ्य चौकीमा थप एक एक जना अनमी करारमा रहेको,७ आधारभुत स्वास्थ्य सेवा केन्द्रमा करारमा २ स्वास्थ्य कर्मी र १ कार्यालय सहयोगीका दरले २१ जना करारमा र एक जना मेडीकल अफिसर समेत ८ स्वास्थ्यकर्मी र २ जना कार्यालय सहयोगी गरी १० जना समेत ७२ कर्मचारी १३ वटा स्वास्थ्य सँस्थामा कार्यरत रहेका छन । पालिकाले उल्लेखित स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तलव भत्ता, प्रशसनीक खर्च, फार्मेशी सञ्चालन लगायत अनुदान उपलव्ध गराएको छ । पालिकाले मातहतका स्वास्थ्य सस्थाले उपलव्ध गराउने सेवालाई प्रभावकारी र जनमुखी वनाउन व्यवस्थापनले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३३ | | | **३३परामर्श सेवा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने भएमा र वढि दक्षता आवश्यक पर्ने भएमा लागत अनुगमान तयार गरी प्रतिस्पर्धाकव माध्यमबाट परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । नमुनाका आधारमा छनौट भएका देहाय अनुसारका कार्यमा पालिकाले प्रतिस्पर्धा नगराई सोझै परामर्श सेवा खरिद गरी रु.३१,९१,७०९।०० भुक्तानी गरेको छ ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यका लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन ।परामर्शका प्रतिवेदन आम्दानी बाँधी राख्ननु पर्दछ । | |

| **क्र सं** | **विवरण** | **भुक्तानी रु.** |
| --- | --- | --- |
| १ | मौराखारा जैविक पर्या-पर्यटकीय गन्तव्य स्थल तथा प्राकृतिक पार्क निर्माण | ५००००० |
| २ | रिम्ना दोभानमा धार्मिक पर्यटन | ३९९०३६ |
| ३ | विद्यालय शिक्षा क्षेत्र विकास संम्भाव्यता अध्ययन DPR योजना निर्माण | ९९५४७३ |
| ४ | गाउँपालिका भवन **DPR** निर्माण रकम भुक्तानी गरिएको। | ४९७२०० |
| ५ | भेरीदोभान मावि चाईनाबगर खेलमैदान डिपिआर निर्माण योजन रकम भुक्तानी गरिएको | ४००००० |
| ६ | सिभिल वर्क कन्सल्टेन्सि प्रालिलाई बेल्टापु खेलमैदान डिपिआर खर्च रकम भुक्तानी गरिएको। | ४००००० |
| | जम्मा | ३१९१७०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **३४सहायता कोषः**<br>कृषि विकास शाखा र पशुपंक्षि वकास शाखाको सेवा प्रवाह क्षमताको अभिवृद्धि र सवलीकरणमा सहयोग पुर्याउने उदेश्यले पालिकासँगको सम्झौता अनुसार कृषि क्षेत्र विकास कार्यक्रम, कार्यक्रम समन्वय कार्यालय, विरेन्द्रनगर, सुर्खेतवाट रु ५,४६,०५४।०० को कार्यक्रम सञ्चालन गरी पालिकाको खातावाट भुक्तानी गरेको छ । उक्त भुक्तानीको सक्कल श्रेस्ता समन्वय कार्यालयमानै रहेकोले पालिकाको लेखापरीक्षण गर्दा उक्त श्रेस्ता लेखापरीक्षण गरिएको छैन । | |
| ३५ | | | **३५चेनेज नखुलाएको:**<br>सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा, विलको भुक्तानी गर्दा, नापी किताब तयार गर्दा र कार्यसम्पन्न प्रतिवेदन समेतमा स्पष्टसँग चेनेज खुलाउनु पर्दछ । तर नगरपालिकाले सडक तथा बाटो निर्माण, ग्राभेल, बल्क बिछाउने तथा स्तरउन्नती गर्ने, ढल निर्माण, सरसफाई तथा मर्मत लगायतका कार्यमा प्राविधिकले लागत अनुमान तयार गरी रनिङ बिल भुक्तानी गर्दा तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत सडकको चेनेज खुलाइको पाईएन । जसबाट उक्त निर्माण भएको सडकको बास्तविक लम्बाईका साथैएकै स्थानमा दोहोरो पर्ने गरी उपभोक्ता समिति र अन्य विधि मार्फत समेत कार्य भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन । तसर्थ नगरपालिकाबाट निर्माण हुने सडक तथा ढल योजनाको लागत अनुमान तथाकार्यसम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिक नाप जाँच सहितको चेनेज खुलाई निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **३६उपभोक्ता समिति:**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| ३७ | | | **३७मुख्यमन्त्री रोजगार कार्यक्रम :**<br>२९/२०७८।३।२५ मुख्यमंत्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७अनुसार रोजगारी सिर्जना गर्ने, कोभिड १९ को कारण रोजगार गुमाएकाको जिविकोपार्जन सुधार्ने, गरिबी निवारणमा योगदान पुर्‍याउने, खाद्य सुरक्षा परिपूर्तिमा सहयोग र कृषि उत्पादकत्वमा वृद्धि गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ । कार्यालयले नाफामूलक देउता खोला लघु जलविद्युत योजना निर्माण तथा मर्मत उपभोक्ता समूहलाई योजना निर्माण तथा मर्मत कार्यका लागि रु.२७,५५,६८०।- भुक्तानी भएकोमा निर्देशिकाले लक्षित गरे अनुसारका कार्यमा भुक्तानी भएको पाइएन । | |

| ३८ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**३८प्रकोप व्यवस्थापन**

पालिकाले यस आ.ब. मा कोभिड-१९ को प्रकोप नियन्त्रण गर्न निम्नानुसार रु. २९,६९,५२९.०० का आइसोलेशन सेन्टर,औषधी, उपकरण र विभिन्न सामग्रीहरु खरिद गरी उपयोगमा ल्याएको देखिन्छ । यस्ता प्रकोपबाट बच्न खरिद भई बाँकी रहेका सामग्रीको सञ्चय र उपयोगमा आवश्यक ध्यान दिईव्यवस्थित रूपमा जिन्सी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| **गो.भौ. नं.** | **आपूर्तिकर्ताको नाम** | **विषयक्षेत्र** | | | |
|---|---|---|---|---|---|
| | | **क्वारेन्टाइन व्यवस्थापन** | **विरामिको खाना खाजा** | **औषधि उपकरण** | **भत्त** |
| २९।०७८।२।१९ | कैलाश दिप टेलरिङ्ग | ० | ० | ८००० | ० |
| ३०।०७८।२।१७ | मामा भान्जा हार्डवेयर | ९८८३० | ० | ० | ० |
| ३१।०७८।२।१९ | भिम सर्जिकल | ० | ० | ४९६०७० | ० |
| ३२।०७८।२।२७ | मेडिहेल्थ सर्जिकल्स | ० | ० | १७६११० | ० |
| ३३।०७८।२।२७ | सरोवर ट्रेड | ० | ० | ४५५६८६ | ० |
| ३४।०७८।२।२७ | त्रिदेव मेडिसिन | ० | ० | १६९३८१ | ० |
| ३७।०७८।३।१ | अमानत | ४०२४३ | ० | ० | ० |
| ४०।०७८।३।६ | गणश खड्का | ० | ९२६५२ | ० | ० |
| ४१।०७८।३।९ | एभरेष्ट ग्यास | ० | ० | ४००००० | ० |
| ४३।०७८।३।१० | सफायर इन्टरप्राइजेज | ० | ० | ४९९१२१ | ० |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४४।०७८।३।१० | गोरखनाथ कन्स्ट्रक्शन | ० | ० | २५९३१० | ० |
| ४५।०७८।३।१५ | खाना व्यवस्थापन | ० | ३९८५० | ० | ० |
| ४७।०७८।३।१५ | कोभिड परीक्षण भाडा | १६००० | ० | ० | ० |
| ४९।०७८।३।२२ | सामाग्रि ढुवानी | ० | ० | १४९००० | ० |
| ५२।०७८।३।२९ | खाना व्यवस्थापन | ० | २८३०० | ० | ० |
| ५०।०७८।३।२३ | चंखबहादुर बली (ढुवानी) | ० | ० | ३००० | ० |
| ५१।०७८।३।२८ | आइसोलेसन व्यवस्थापन | ३७९७० | ० | ० | ० |
| **जम्मा** | **२९,६९,५२९.००** | **१९३०४९** | **१६०८०२** | **२६१५६७८** | |

३९

**३९संघीय चालु (साधारण) :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३८(२)(क) अनुसार स्वीकृत वार्षिक बजेट र कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले चाइना बगर प्रहरी चौकीलाई इन्धन, मर्मत र स्टेशनरी खर्च बापत रु.३८,१४०।- भुक्तानी दिइएकोले अन्य कार्यालयको कार्य प्रयोजनमा खर्च गर्न मिल्ने देखिएन ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) अनुसारसार्वजनिक निकायले खरिद गर्दा खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा विधि तय गरी खरिद गर्नुपर्ने र दफा २अनुसार यो ऐनर अन्तर्गत बनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका खरिदहरु गर्दा उक्त दफाको अवलम्बन गरेको नदिएकोले सुधार गर्नुपर्ने देखिन्छ ।

| **गो.भौ.नं.** | **आपूर्तिकर्ता** | **सामाग्री** | **भुक्तानी रु.** |
|---|---|---|---|
| २४४।७८।१।१७ | आयुष सर्जिकल | प्रयोगशाला सामाग्रि | २३८६४ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २४४।७८।१।१७ | गौतम इन्टरनेशनल | प्रयोगशाला सामाग्रि | ९४०७ | | |
| | | | | ३२१।७८।२।२७ | मेनका इन्टरप्राइजेज | औषधि | ३३९०० | | |
| | | | | ३४५।७८।३।८ | आयुष सर्जिकल | औषधि | १६१०९ | | |
| | | | | ३४५।७८।३।८ | डिजिटल पावर सोलुसन | सामाग्रि | २८००० | | |
| | | | | ३४५।७८।३।८ | किशोर इलेक्ट्रोनिक्स | सामाग्रि | २८१३० | | |
| | | | | ४०९।७८।३।१९ | हिमाली छापाखाना | मसलन्द | ४०१५४५ | | |
| | | | | ४४०।७८।३।१९ | युनिक फर्मा | औषाधि | २५६९०७ | | |
| | | | | ४८५।७८।३।२३ | कोपिला इन्टरप्राइजेज | प्रश्नपत्र छपाई | ४८७४५९ | | |
| | | | | | | **जम्मा** | **१३०५३२२** | | |
| ४० | | | **४०**<br>४८८/०७८।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३८(२)(क) अनुसार स्वीकृत वार्षिक बजेट र कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश सरकारसँग गाउँपालिका साझेदारीमा भैसी स्रोतकेन्द्र सञ्चालन तथा प्रवर्द्धन कार्यक्रमबाट भैसी खरीद, गोठ निर्माण, विमा, तालिम, घाँस, पशु उपचार नस्ल सुधार (कृत्रिम गर्भाधान) आदि कार्यक्रममा खर्च गर्नुपर्नेमा शौचालयनिर्माणमा रु.२,८८,०००।- खर्च भएको देखिन्छ । निर्माण कार्य अन्यकार्यक्रमबाट गरी विषयगत कार्यक्रमको बजेट सोही कार्यमा खर्च गर्नुपर्ने देखिन्छ । | | | | | | |
| ४१ | | | **४१**<br>**४९५/०७८।३।२४** गाउँपालिका बाल संरक्षण कोष सञ्चालनका लागि रु.१,५०,०००।- जम्मा गरिएको छ । उक्त कोषबाट आपतकालिन बाल उद्धार कार्यका लागि कार्यविधि तयार गरी आपतमा परेका बालउद्धारमा खर्च गरी सोको आय-व्ययविवरण तयार गर्नुपर्ने देखिन्छ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **४२**<br>**४८९/०७८।३।२४** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३९(८) अनुसार स्वीकृत कार्यक्रम अनुसार संचालित गोष्ठी, कार्यशाला सम्पन्न भएपश्चात् मालसामान र खर्चको विवरण लाभान्वित व्यक्तिहरु समेत समावेश गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाले संयुक्त दलित अधिकार मञ्च कार्यक्रम सञ्चालन गरी रु.१,१०,०००।- खर्च भुक्तानी गरेकोमा उक्त भेलाका प्रशिक्षकहरुले के विषयमा प्रशिक्षण दिएको थियो, कति वटा कक्षा कुन कुन स्रोत व्यक्तिले सञ्चालन गरेको हो, सोको के कस्तो प्रभाव रह्यो भन्ने सम्बन्धमा प्रतिवेदन तयार भएको पाइएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा खर्च प्रभावकारिता हुने गरी सञ्चालन गर्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **४३ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम(३६५००१०४३) :**<br><br>सानीभेरीगाउँपालिका फिल्डतथा मेसिनरी वालनिर्माण कार्य उपभोक्तासमिति मार्फत रू.२०,००,०००।- मा सम्झौता भई कार्य गराएकोमा निम्नानुसार देखिन्छः<br>· वाल निर्माणका लागि शिव ईट्टा उद्योग,दाङबाट रु.१,६०,३४७।-मा ईट्टाखरिद गरेको र शुभम इन्जिनियरिङ्ग,दाङबाट रु.३,२३,२९८।-गरी जम्मा रु.४,८३,६४५।- खरिद गरेको फोटोकपी बिल पेश गरेकोले सक्कल बिल संलग्न गर्नु पर्ने ।छलफलको क्रममा प्रमाण पेश गरेको छ ।<br>· शिव ईट्टा उद्योगबाट जारी गरेको कर बिजकमा ढुवानी भाडा समेत वा भाडा बाहेक आदि नखुलेको अवस्थामा रु.१,२३,३५०।- ढुवानी भाडा वापतको रकम सन्तोष रोकालाई भुक्तानी भएको आधार स्पष्ट भएन ।<br>ढुङ्गा गिट्टी र बालुवा खरिद गर्दा उक्त वस्तुको मूल्य र ढुवानी भाडा समेत वा ढुवानी भाडा बाहेक सो स्पष्ट नहुनुका साथै निम्नानुसारका निर्माण सामग्रीहरु उपलब्ध गराउने उपभोक्ताले रकम समेत बुझेको नदेखिएकोले रकम बुझेको प्रमाण पेश गर्नु पर्ने भनि व्यहोरा कायम भएकोमा छलफलको क्रममा प्रमाण पेश भएको छ ।<br><br>**सामग्रीको नाम** / **भर्पाई नभएका उपभोक्ताको संख्या** / **रकम(रु.)**<br>९ घन मिटर गिट्टी / राम बहादुर खड्कासमेत ३ जना / २४,९१२।-<br>६९ घन मिटर बालुवा / दुर्गा बहादुर खड्कासमेत ४ जना / १,४४,७६२।-<br>१४६ घन मिटर ढुङ्गा / लालसिंह भण्डारी समेत ९ जना / २,३२,५७८।-<br>/ **जम्मा** / **४,०२,२५२।-**<br><br>माथि उल्लेखित निर्माण सामग्री कुन स्थानबाट संकलन गरेको हो सो स्थानबाट निर्माण कार्यगर्ने स्थल के कति दुरिमा रहेको छ सो को दुरी र तौलको आधारमा स्थानीय निकायले ढुवानी भाडा निर्धारण गर्नुपर्ने देखिन्छ । | |
| ४४ | | | **४४ कन्टिन्जेन्सी खर्चको अभिलेख:**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **४५सामाजिक सुरक्षा:** नेपाल सरकारले वजेटमा व्यवस्था गरी जेष्ठ नागरिक, विधवा, अशक्त तथा दलित वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ ।आ.व. ०७७/७८ मा यस पालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु लाई यस आ.व.मा सामाजिक सुरक्षा कार्यक्रम मार्फत रु. ४,७१,०६,१६८।÷ खर्च भएको छ ।लाभग्राहीलाई सम्वन्धित बडा सचिव मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ । वितरण नभई बाँकी रहेको रकम ढिलो गरी ०७८।५।२९ र ६।१ मा नेपाल बैंक लिमिटेडको खातामा रु. १,१२.०७५.०० फिर्ता भएको देखियो। लाभग्राहीको वास्तविक अवस्था पत्ता लगाई रकम व्यवस्थापन गरी बाँकी हुने रकम समयमै फिर्ता गर्नुपर्दछ ।नमुनाका आधारमा वडा नं ११ र ३ को कागजात परीक्षण गर्दा देहाय अनुसार एकै व्यक्तिलाई बालपोषण दलित र बालपोषण क्षेत्र तोकिएको दुवै भत्ता उपलव्ध गराएको देखियो । नियमित रुपमा प्राप्त कर्ताको विवरण दोहोरो नहुने गरी अद्यावधिक गरी यस क्षेत्रमा हुनसक्ने चुहावट नियन्त्रणका लागि सजगता अपनाउनुपर्ने देखिन्छ । | |

| प्राप्तकर्ताको नाम | संकेत नम्वर | वडा नं. | बुझेको रकम | |
|---|---|---|---|---|
| | | | बालपोषण दलित | बालपोक्षण क्षेत्र तोकिएको |
| सम्झना बि.क. | ४९३ ४०६ | ११ | १२०० | १६०० |
| निरज बि.क. | २२१ ४६२ | ११ | १२०० | १६०० |
| बिन्दु बि.क. | ३३० ४८९ | ११ | १२०० | १६०० |
| बिद्या बि.क. | ८७ २३३ | ३ | १६०० | १६०० |
| शंकर बि.क. | ९३ २४२ | ३ | १६०० | १६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **४६पारदर्शिता  र जवाफदेहिताः**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा राखेको छैन । यसबाट पारदर्शिता र जवाफदेहिता कायम हुने विधि तयार गरी पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।भत्ता वितरण कार्यलाई सरल र पारदर्शी हुने गरी व्यवस्थित गर्नुपर्दछ । | |
| ४७ | | | **४७सार्वजनिक सुनुवाईः**<br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । | |
| ४८ | | | **४८अनुगमन तथा सुपरिवेक्षणः**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**४९आन्तरिक आय:**

पालिकाले यस वर्ष पालिकाले रु ८६ लाख ७० हजार राजश्व आम्दानी प्राप्त गर्ने लक्ष्य लिएकोमा निम्नानुसार रु ९३,३३,६९५।१२ प्राप्त गरेको छ ।

| क्र सं | आयशीर्षक | अनुमान | प्राप्त आम्दानी |
|---|---|---|---|
| 1. | ११३१३ - एकीकृत सम्पती कर | 11,10,000.00 | 93,345.00 |
| 2. | ११३१४ - भुमिकर/ मालपोत | 5,75,000.00 | 9,03,718.00 |
| 3. | ११३२१ - घरवहाल कर | 2,80,000.00 | 2,99,326.12 |
| 4. | ११४५१ - सवारी साधन कर (साना सवारी) | 10,000.00 | - |
| 5. | ११४७९ - अन्य मनोरञ्जन कर | 49,000.00 | - |
| 6. | १४२२१ - न्यायिक दस्तूर | 5,000.00 | - |
| 7. | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | 6,50,000.00 | 12,08,887.00 |
| 8. | १४२४३ - सिफारिश दस्तुर | 5,54,000.00 | 9,93,109.00 |
| 9. | १४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | 5,000.00 | - |
| 10. | १४५२९ - अन्य राजस्व | 10,00,000.00 | 12,88,876.00 |
| 11. | १४६११ - व्यवसाय कर | 1,32,000.00 | 1,050.00 |
| 12. | १५१११ - बेरूजू | 3,00,000.00 | - |
| 13. | ३३३६६ - दहत्तर बहत्तर शुल्क | 40,00,000.00 | 45,45,384.00 |
| | **जम्मा राजस्व** | **86,70,000.00** | **93,33,695.12** |

नगरपालिकाले आर्थिक (विधेयक) ऐन, २०७७ सभाबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ । विधेयक अनुसार मालपोत तथा भूमिकर, सम्पत्ति कर, वहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर लगायतका कर तथा दस्तुर संकलन गर्दै आएको छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.१ | | | **आय लेखाङ्कन :** पालिकाले यस वर्ष रु ७६ लाख ७० हजार आन्तरिक राजश्व आम्दानी प्राप्त गर्ने लक्ष्य तय गरेकोमा रु ९३,३३,६९५।१२ राजश्व आम्दानी गरेको छ । पालिकाले आन्तरिक राजश्व तर्फ विद्यूतीय माध्यम प्रयोग नगरी पालिकावाट भएको सेवा प्रवाह अनुसार आम्दानी भिडान नगरी जारी भएको नगदी रसिदवाट प्राप्त राजश्व वैंक दाखिला गरी पेश भएको वैंक भौचरको आधारमा आम्दानी लेखाङ्कन गर्ने गरेको देखियो । यसबाट कुल आयको वास्तविक अवस्था यकिन नहुने, वैंक सफ्टवेयर र खातामा देखाएको आम्दानीमा फरक पर्ने जस्ता अवस्था भई आय लेखाङ्कन वास्तविक नहुने देखिन्छ । निश्चित अवधि भित्र अनिवार्य रिकन्साइल गरी आय चुहावट भए नभएको पत्ता लगाई यकिन हुने गरी राजश्व आम्दानी सम्वन्धमा विद्यूतीय माध्यम विकास तथा प्रयोग गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आय खाताको मौज्दात र वैक भौचरका आधारमा आयको वैंक नगदी कितावमा भएको प्रविष्टि वाहेक सवै रसिद, भौचर, आम्दानी लेखाङ्कन आदिको परीक्षण गरिएको छैन । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी राजस्व संकलन र दाखिला प्रभावकारी भरपर्दो र पारदर्शी वनाउनु पर्दछ । | |
| ४९.२ | | | राजश्व अभिलेखः पालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ को दफा १३(२)मा राजश्वको लगत तथा लेखा राख्ने तथा फाटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले सवै वडा मार्फत नगदी रसिदका आधारमा आय संकलन गर्दै आएको छ । पालिकाले रसिद नियन्त्रण खाता राखेको भएपनि आर्थिक वर्ष समाप्ति पछि नियमित रुपमा रसिद व्यवस्थान गरेको देखिएन । नगदि रसिद मार्फत वडा तथा नगरपालिका कार्यालयले संकलन गरी बैंक दाखिला गरेको आयको वास्तविक अवस्थाका सम्वन्धमा अनुगमन तथा नियन्त्रणको प्रभावकारी संयन्त्र निर्माण गरी व्यवस्थापन गरेको पाइएन । मालपोत जस्ता आयका क्षेत्रको लगत राखी वार्षिक लक्ष अनुसार आय संकलन गर्नुपर्नेमा लगत नराखेकाले उठ्नुपर्ने आय उठेको सम्वन्धमा यकिन गर्न सकिएन। नगरपालिका क्षेत्रका प्राकृतिक सम्पदा बेचविखन गरी आय आर्जन गर्ने सम्वन्धमा दीर्घकालिन योजना तयार गरेको छैन । पहिचान गरी आय सम्झैता गरेका कार्यको समेत नियमित अनुगमन गरी वातावरणिय प्रभाव मुल्याङ्कन गरेको छैन । आय संकलन तथा व्यवस्थापनका लागि अनुगमन संयन्त्र र प्रविधिको प्रयोग नभएकाले सवै आय संकलन भई पालिकाको कोषमा दाखिला भएको अवस्थाका सम्वन्धमा यकिन गर्न सकिएन ।विश्वाशिलो र भरपर्दो प्रणालीको अभावले आम्दानी तथा राजस्वका सम्वन्धाम लेखापरीक्षण राय व्यक्त गर्न सकिएन । आय व्यवस्था अनुमानयोग्य, पारदर्शि, भरपर्दो तथा विश्वसनिय बनाउन आय संकलन तथा व्यवस्थापनको भरपर्दो प्रणाली विकास गर्नुपर्दछ । | |
| ५० | | | **५०पदाधिकारी सेवा सुविधाः**<br>यस वर्ष पदाधिकारी सेवा सुविधामा निम्नानुसार रु ७४ लाख ४५ हजार खर्च भएको देखिन्छ । | |

| **सि.नं** | **विवरण** | **जम्मा** |
|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>1371950</td></tr>
<tr><td>२</td><td>यातायातखर्च</td><td>-</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>99,000.00</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका,</td><td>94,500.00</td></tr>
<tr><td>५</td><td>ईन्टरनेट</td><td>-</td></tr>
<tr><td>६</td><td>अनुगमनखर्च</td><td>3,82,500.00</td></tr>
<tr><td>७</td><td>अतिथिसत्कार</td><td>1,35,000.00</td></tr>
<tr><td>८</td><td>खानेपानी तथा सरसफाई</td><td>85,500.00</td></tr>
<tr><td>9</td><td>विद्युततथा उर्जा खर्च</td><td>76,500.00</td></tr>
<tr><td>११</td><td>सावारीसाधान इन्धन खर्च</td><td>1,44,900.00</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७,०५,३५०.00</td></tr>
<tr><td>१०</td><td>चाडपर्वखर्च</td><td>89,500.00</td></tr>
<tr><td>१२</td><td>२०७६ श्रावण भाद्र र असोज सम्मको पारश्रमिक</td><td>2,68,500.00</td></tr>
<tr><td>१३</td><td>२०७६ श्रावण भाद्र र असोज सम्मको संचार</td><td>-</td></tr>
</table>
</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td></td><td>जम्मा</td><td>21,11,900.00</td></tr>
<tr><td colspan="2">कुल जम्मारु.</td><td>74,45,300.00</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **५१शेयर लगानी :**<br>कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा देहाय अनुसारका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको २ लाख ७५ हजार शेयरको प्रति शेयर रु. १०० दरले रु. २,७५,००,०००.०० को संस्थापक लगानि निर्धारण गरेको मध्ये २०७६।६।१० सम्म रु.१,४१,७२,४८५.०० शेयर लगानी वापत पावर कम्पनि लिमिटेडको नाममा रकम पठाइसकेको देखिन्छ । लिमिटेड कम्पनिमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन । नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने सम्वन्धमा सेवा प्रादायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ । शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम कतिपय स्थानीय तहले आयव्यय विवरणमा शेयर लगानीको रुपमा देखाएका छैनन् । यसबाट वित्तिय विवरणमा लगानी लेखाङ्कन नभएको अवस्था छ । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नु पर्दछ । | |

| क्र. स. | स्थानीय तह | शेयर कित्ता | भुक्तानी भएको (रु) | भुक्तानी बाँकी (रु) |
|---|---|---|---|---|
| 1. | आठबिसकोट | ६०००० | १००००००।०० | ५००००००।०० |
| 2. | मुसिकोट | ३०००० | ३००००००।०० | ० |
| 3. | चौरजहारी | ३०००० | १००००००।०० | २००००००।०० |
| 4. | बाफिकोट | ३०००० | १००००००।०० | २००००००।०० |
| 5. | सानीभेरी | ३०००० | १००००००।०० | २००००००।०० |
| 6. | त्रिवेणी | ३०००० | १००००००।०० | २००००००।०० |
| 7. | जिल्ला समन्वय समिति | ६५००० | ६१७२४५८।०० | ३२७५४२।०० |
| | **जम्मा** | **२७५०००** | **१४१७२४५८।००** | **१३३२७५४२।००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>५२स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>५३मू.अ.कर बिजक :<br>मू.अ.कर नियमाबली २०५३ को नियम १७.१ अनुसार मुल्य अभिबृध्दी करमा दर्ता भएको ब्यक्तिले कुनै बस्तु वा सेवाको आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुची ५ बमोजिमको ढाँचामा कर बिजक जारी गर्नुपर्ने व्यबस्था रहेको छ।साथै आन्तरीक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मुल्य अभिबृध्दी करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट शुरु गर्नुपर्ने,कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख।यस कार्यालयले निम्न अनुसारका आपुर्तिकर्ताहरुलाइ भुक्तानी दिदा संलग्न गरेका बिलहरुमा हातले नम्बर राखेको र बिलको क्रम संख्यानै उल्लेखले मुल्य अभिबृध्दी कर बापत भएको रु३३,२९५। समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने
<table>
<tr><th>भौ.नं./मिति</th><th>आपूर्ति कर्ताको नाम</th><th>भुक्तानी रकम</th><th>समायोजन गर्नु पर्ने मू.सअ.क. रकम</th></tr>
<tr><td>३१२-०७८।२।२३</td><td>पध युग ईन्जिनियरिङ्ग वर्कशप</td><td>२८०२८५.००</td><td>२२२४५.००</td></tr>
<tr><td>४९०-०७८।३।२४</td><td>पध युग ईन्जिनियरिङ्ग वर्कशप</td><td>९६०५०.००</td><td>११०५०.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३३२९५.००</td></tr>
</table></td><td>३३,२९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **५४कन्टिन्जेन्सी खर्चको अभिलेख:**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाले कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५५ | | | **५५ धरौटीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ६४ अनुसार कार्यालयले आफ्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले धरौटी आय रु.१,५५,३८,४४४।– देखाएकोमा धरौटी जम्मा कर्ताले धरौटी फिर्ता माग गर्न आएको बखत धरौटी आम्दानी जनाई फिर्ता खर्च गर्ने गरेको पाईयो । धरौटी दाखिला गर्दा नै व्यक्तिगत धरौटी खाता समेत राखी गोश्वार धरौटी खाता एवं मौज्दात अद्यावधिक गर्दै जानुपर्ने देखिन्छ ।<br>· पालिकामा उपभोक्ता समितिको कट्टी गरी राखेको धरौटी निवेदनको आधारमा फिर्ता दिने गरेको पाइयो । उपभोक्ता समितिको धरौटी फिर्ता दिदा अनिवार्य रुपमा निम्नानुसारका पुष्ट्याई एवं प्रमाण राखेर मात्र फिर्ता गर्नुपर्ने देखिन्छ ।<br>· उपभोक्ता समितिले धरौटी फिर्ता माग गरेर के काम गर्ने हो, प्रयोजन खुलाई उक्त रकम खर्च वा उपयोगको बारेमा बैठकमा निर्णय भएको माइन्यूटको प्रतिलिपि ।<br>· उपभोक्ता समिति रहेको वडाबाट उक्त उपभोक्ता समितिले धरौटी फिर्ता माग गरेको आधार वा प्रयोजनको पुष्ट्याई गर्ने पत्र संलग्न गर्नुपर्ने ।<br>उपभोक्ता समितिको धरौटी फिर्ता गर्दा सम्बन्धित क्षेत्रका प्राविधिक समेतको सिफारिस लिर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **५६पेश्की बाँकी :**<br>आर्थिक कार्यविधा तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ तथा सम्झौतामा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । कार्यालयले यो वर्ष देहायका कर्मचारी/निर्माण व्यवसायी/संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियमावली तथा सम्झौता अनुसार फछ्र्यौट गर्नुपर्दछ । | ९,०७८,०३२ |
| ५७ | | | **५७अनुगमन तथा सम्परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो बर्ष लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्ष सम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

Table within item ५६:

| **व उ शी नं** | **गो. भौ. न.** | **विवरण** | **पेश्की लिनेकोनाम** | **पेश्की रु** |
|---|---|---|---|---|
| गा.पा.पूजिगत | ४४ | तुसारे अद्याचौर गरायल खानेपानी योजना | सपना एण्ड सरोज कन्ट्रक्शन | **११४६०००.००** |
| एकिकृत स्वास्थ्य | १० | पन्ध्र सैया अस्पताल भवन निर्माण | शिवसक्ति थोदुङ्ग हिमाली जे.भि. | ७९३२०३२.०० |
| | | **जम्मा** | | **९०७८०३२.००** |

Table within item ५७:

| | | रु.हजारमा |
|---|---|---|
| **गत वर्षको सम्मको बेरुजू रु.** | **यो वर्ष फछ्र्यौट** | **बाँकी बेरुजू** |
| 53976 | ० | 53976 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **५८** | |

**अद्यावधिक बेरुजू स्थितिः** पालिकाको आर्थिक वर्ष २०७६।७७ सम्मको फछ्र्यौंट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छः

| (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
| 53976 | ० | ११,६११, | ० | **६५५८७** |

**लेखापरीक्षणमा संलग्न कर्मचारीको विवरण :**

| **क्र.सं.** | **लेखापरीक्षणमा संलग्न कर्मचारी** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| 1. | श्री वनमाली पौडेल | लेखापरीक्षण अधिकारी | |
| 2. | श्री छेत्रबहादुर थापा | लेखापरीक्षण अधिकारी | |
| 3. | श्री विष्णु बहादुर राई | लेखापरीक्षण अधिक्षक | |